नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :-०८७-५२०११२
फ्याक्स:-०८७-५२०१८०

प.सं.

मिति : २०७७/०६/०१

## अत्यन्त जरूरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/२९ गतेको निर्णयबाट जारी आदेश एवं सो कार्यान्वयनका लागि गृह मन्त्रालयको च.नं. ८५२ मिति २०७७/०५/३१ को परिपत्र अनुसार विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा जुम्ला जिल्लामा पनि देहाय बमोजिम गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

१. **छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा जिल्लामा संचालन हुने निजी तथा सार्वजनिक सवारी साधनको संचालन देहाय बमोजिम गर्ने।**

क. भौतिक दुरी कायम हुने गरी एक पङ्क्तिको सिटमा १ जना मात्र यात्रु राख्ने। सिटमा बाहेक यात्रु राख्ने नपाउने।

ख. सबै यात्रुले अनिवार्य मास्क लगाउने।

ग. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने।

घ. सिट क्षमताको ५० प्रतिशत यात्रु रहने।

ङ. चालक र सहचालकले मास्क, भाइजर र पन्जा लगाउने।

च. सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने।

छ. यो व्यवस्था लागू रहदा सम्म तोकिएको भाडा दरमा अधिकतमम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने।

२. उपलब्धता र उपयक्तताको आधारमा दुर शिक्षा लगायतका बैकल्पिक सिकाइबाट शिक्षण तथा सिकाइ कार्यलाई निरन्तरता दिने।

३. सबै कार्यालय, निकाय एंव संघ संस्थाकहरूले नियमित रूपमा कार्यालय संचालन गरी सेवा प्रवाह गर्ने। यसरी कार्यालय संचालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/ गराउने।

४. **देहाय बमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि मात्र संचालन गर्ने,**

क. शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)

ख. शैक्षिक तथा अन्य परीक्षा संचालन

ग. सबै प्रकारका सभा, गोष्ठि, तालिम सेमिनार,

घ. सिनेमा हल, पार्टी प्यालेश, डान्सबार लगायतका मनोरन्जन स्थल,

ङ. सैलुन, ब्युटी पार्लर तथा स्पा,

च. स्विमिङ पुल, जिमखाना लगायत हेल्थ कलब,

छ. समुहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुती,

ज. अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल,

झ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,

ञ. सबै प्रकारका पुस्तकालय, सङ्ग्रहालय, चिडियाघर,

उल्लेखित सेवा र कार्यहरू बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय संचालन गर्दा संचालक, व्यवस्थापक, कर्मचारी, श्रमिकलगायत सबैले स्वास्थ्य तथा मापदण्ड पालना गर्ने/गराउने।

५. माथि उल्लेखित आदेश अवज्ञा वा अवहेलना गर्ने वा काममा बधा पु-याउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुनेछ।

७७/०६/०१

भुपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी